**गण्डकी प्रदेश सरकार**

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**पोखरा, कास्की, नेपाल**

## पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/१२**

यस मन्त्रालय मातहतका निकायहरुबाट स्वास्थ्य सेवा प्रवाह निरन्तरताको लागि तपसिलका निकायहरुमा देहायका पदहरुमा गण्डकी प्रदेश "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम चालु आ.व. २०८०/०८१ को असार मसान्तसम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ।

**तपसिलः**

| क्र.सं | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद निकाय र संख्या | | | | | | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, कास्की | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कास्की | धौलागिरी अस्पताल, बागलुङ | पर्वत अस्पताल, पर्वत | बेनी अस्पताल, म्याग्दी | मातृशिशु मितेरी अस्पताल | स्याङ्जा अस्पताल, स्याङ्जा | दमौली अस्पताल, तनहुँ | लमजुङ अस्पताल, लमजुङ | गोरखा अस्पताल, गोरखा | मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी (ब.सु.पू.) | मुस्ताङ अस्पताल, मुस्ताङ | मनाङ अस्पताल, मनाङ | संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की | |
| १ | १०/०८०-८१ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | नवौं | रेडियोलोजी विषयमा स्नातकोत्तर तह उत्तीर्ण | | | | | १ | | | | | | | | | | १ |
| २ | ११/०८०-८१ | मेडिकल अधिकृत | आठौं | एम.बी.बी.एस वा सो सरह उत्तीर्ण | | | | | १ | | | | | | | | १ | | २ |
| ३ | १२/०८०-८१ | मेडिकल ल्याब टेक्नोलोजिस्ट | सातौं | मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक तह उत्तीर्ण | | २ | २ | | | | १ | १ | | | १ | | | | ७ |
| ४ | १३/०८०-८१ | मेडिकल रेकर्डर | पाँचौं | तथ्यांक वा गणित विषयमा स्नातक तह उत्तीर्ण | | | | | १ | | | १ | | १ | | १ | १ | | ५ |
| ५ | १४/०८०-८१ | ल्याब टेक्निसियन | पाँचौं | मेडिकल ल्याब टेक्नोलोजी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | | २ | १ | १ | १ | १ | २ | १ | २ | २ | २ | १ | | | १६ |
| ६ | १५/०८०-८१ | स्टाफ नर्स | पाँचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण | | | १५ | ९ | ८ | ८ | ८ | १० | ९ | ९ | १० | १ | ३ | ६ | ९६ |
| ७ | १६/०८०-८१ | हेल्थ असिस्टेन्ट | पाँचौं | सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण | | | २ | २ | १ | | ३ | २ | १ | २ | २ | १ | १ | | १७ |
| ८ | १७/०८०-८१ | बायोमेडिकल टेक्निसियन | पाँचौं | आई. एस्सी. वा विज्ञान विषय लिई १२ कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तिमा एक बर्षको तालिम वा बायोमेडिकल ईन्जिनियरिङमा प्रमाणपत्र तह उत्तीर्ण | २ | | | | | | | | | | | | | | २ |
| ९ | १८/०८०-८१ | रेडियोग्राफर | पाँचौं | रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | | | १ | १ | १ | १ | १ | | १ | १ | १ | १ | १ | १ | ११ |
| १० | १९/०८०-८१ | फार्मेसी सहायक | पाँचौं | फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | | | १ | १ | १ | | १ | १ | ३ | १ | १ | १ | १ | १ | १३ |
| जम्मा | | | | | २ | ४ | २२ | १४ | १५ | १० | १६ | १६ | १६ | १६ | १७ | ६ | ८ | ८ | १७० |

**नोटः**

१. **दरखास्त फारामः** यस मन्त्रालयको वेभसाईट mohp.gandaki.gov.np मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित सेवा गर्न चाहेको सम्बन्धित अस्पताल/प्रयोगशाला/केन्द्रमा दरखास्त पेश गर्नु पर्नेछ।

२. **दरखास्त पेश गर्ने निकाय** : सेवा गर्न चाहेको सम्बन्धित अस्पताल/प्रयोगशाला/केन्द्रमा।

३. **दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः**

क. उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी./एस.ई.ई. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, म्याद कामय रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

ग. दरखास्त दिने अन्तिम दिन भित्र माथि ३.क. मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्नेछ। साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ। रीत नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिएको पाइएमा कुनै पनि बेला दरखास्त रद्द गर्न सकिनेछ।

४. **काम गर्नुपर्ने स्थानः** दरखास्त पेश गरेको सम्बन्धित अस्पताल/प्रयोगशाला/केन्द्रमा।

५. **दरखास्त दस्तुरः** नवौं तहको लागि रु. १५००।-, आठौं र सातौं तहको लागि रु. १२००।- र पाचौं तहको लागि रु. ५००।- (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ। (नोटः दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारामसाथ पेश गर्नु पर्नेछ।)

**क. कार्यालयको नामः** सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश।

**ख. कार्यालयको कोड नं.** : ३५०००३९०१४

**ग. राजश्व शीर्षक नं.** : १४२२४ (परीक्षा शुल्क)

**घ. बैंक खाता नं** : १०००१००२०००१०००० (सम्बन्धित जिल्लाको सरकारी कारोवार गर्नेः- राष्ट्रिय वाणिज्य बैंक)

**ङ. बैंक खाता नं** : २७३०२००००००१००१००००१ (सम्बन्धित जिल्लाको सरकारी कारोवार गर्नेः- नेपाल बैंक लिमिटेड)

६. **दरखास्त दिने अन्तिम मितिः** २०८०/०५/२६ गते मंगलबार कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म हुनेछ।

७. **परीक्षाको किसिमः** अन्तरवार्ता।

८. **तलबः** प्रचलित कानून बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल मात्र उपलब्ध हुनेछ।

९. **अवधिः** चालु आ.व. २०८०/०८१ को आषाढ मसान्तसम्म।

१०. **उम्मेदवार हुनको लागि योग्यताः**

क. नेपाली नागरिक हुनुपर्नेछ।

ख. उमेरको हकमा सहायक तहको हकमा १८ वर्ष र अधिकृत तहको हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

ग. भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।

घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको हुनुपर्नेछ।

११. अन्तरवार्ता मिति पछि प्रकाशन गरिनेछ।

१२. अन्य जानकारीको लागि यस मन्त्रालयको वेभसाइट mohp.gandaki.gov.np मा हेर्नु हुन अनुरोध छ।

**पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति**